सधै र सबैको लागि खबर खोज्ने अभियान

खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष १० ♦ अंक ४२ ♦ २०८३ साल मंसीर ११ शुक्रवार ♦ 27 Nov 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९



तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

मधेश प्रदेश प्रमुख कर्णलाई कोशीको पनि जिम्मेवारी



खबर दर्पण समाचारदाता

मंसीर १० गते, बर्दिवास

राष्ट्रपति रामचन्द्र पौडेलले मधेश प्रदेशका प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णलाई कोशी प्रदेश प्रमुखको समेत जिम्मेवारी दिएका छन् ।

राष्ट्रपति पौडेलले अर्को व्यवस्था नभएसम्मका लागि कर्णलाई कोशी प्रदेश प्रमुखको कार्यभार सम्हाल्ने गरी तोकेका हुन् ।

मन्त्रिपरिषद्को सिफारिसमा नेपालको संविधानको धारा १६५ को उपधारा (२) बमोजिम राष्ट्रपतिले उक्त जिम्मेवारी तोकेको राष्ट्रपति कार्यालयले जनाएको छ ।

राष्ट्रपति कार्यालयका प्रवक्ता श्यामप्रसाद भण्डारीले बुधबार विज्ञप्ति जारी गर्दै कर्णलाई कोशी प्रदेश प्रमुखको कार्यभार समेत दिइएको जानकारी दिएका हुन् ।

यसअघि कोशी प्रदेश प्रमुखको जिम्मेवारीमा रहेका पर्शुराम खापुडले पाँच वर्षे कार्यकाल पूरा गरेपछि गत कार्तिक २३ गते पदबाट बिदा भएका थिए ।

उनको कार्यकाल समाप्त भएसँगै रिक्त रहेको प्रदेश प्रमुखको जिम्मेवारी अर्को नियुक्ति नभएसम्मका लागि मधेश प्रदेश प्रमुख कर्णलाई दिइएको हो ।

यससँगै कर्णले मधेश र कोशी दुवै प्रदेशको प्रदेश प्रमुखको जिम्मेवारी सम्हाल्ने भएका छन् ।

मधेशमा सर्वदलीय सरकार गठनको पहलमा मुख्यमन्त्री यादव



खबर दर्पण समाचारदाता

मंसीर १० गते, बर्दिवास

मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले विभिन्न राजनीतिक दलका केन्द्रीय तहका शीर्ष नेतासँग छलफल गरेपछि मात्रै मन्त्रिपरिषद् विस्तार गर्ने तयारी गरेका छन् ।

मुख्यमन्त्री यादवले केही दिनभित्रै काठमाडौँ पुगेर नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी (नेकपा) लगायतका दलका केन्द्रीय अध्यक्ष तथा शीर्ष नेताहरूसँग संवाद गर्ने बताएका छन् ।

आज सञ्चारकर्मीसँग कुरा गर्दै उनले काठमाडौँमा राजनीतिक दलका शीर्ष नेताहरूसँग छलफल गरेपछि प्रदेश सरकार विस्तारको प्रक्रिया अघि बढाउने स्पष्ट पारे ।

'केही दिनभित्रै काठमाडौँ जान्छु । कांग्रेस, एमाले र नेकपालगायतका दलका शीर्ष नेतासँग भेटेर छलफल गर्छु, त्यसपछि सरकार विस्तार गर्छु,' उनले भने ।

मुख्यमन्त्री यादवले मधेश प्रदेशसभामा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दललाई समेटेर सर्वदलीय सरकार गठन गर्ने आफ्नो चाहना रहेको पनि बताए ।

प्रदेशमा राजनीतिक सहकार्य र सबै दलको सहभागितासहित सरकार सञ्चालन गर्ने उनको योजना छ ।

गत मङ्सिर ५ गते मधेस प्रदेश प्रमुख सुरेन्द्रलाभ कर्णले प्रदेशसभाको सबैभन्दा ठूलो दल जनता समाजवादी पार्टी (नेपाल) का संसदीय दलका नेता यादवलाई मुख्यमन्त्रीमा नियुक्त गरेका थिए ।

मुख्यमन्त्री नियुक्त भएपछि सरकार विस्तारको तयारीमा जुटेका यादवले अब केन्द्रीय तहमा हुने राजनीतिक छलफल र सहमतिलाई मन्त्रिपरिषद् विस्तारको आधार बनाउने देखिएको छ ।

विभिन्न मुद्दाका पाँच फरार प्रतिवादी पक्राउ



खबर दर्पण समाचारदाता

मंसीर १० गते, बर्दिवास

धनुषा प्रहरीले विभिन्न मुद्दामा अदालतबाट कैद तथा जरिवानाको सजाय सुनाइएका पाँच जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार अदालतको फैसला कार्यान्वयन गर्ने क्रममा प्रहरी टोलीले खोजतलास तथा आवश्यक समन्वय गरी उनीहरूलाई पक्राउ गरेको हो ।

पक्राउ परेकामध्ये एक जना चेक अनादर मुद्दाका प्रतिवादी रहेका छन् । उनलाई एक महिना कैद र दुई हजार रुपैयाँ जरिवानाको सजाय सुनाइएको थियो ।

त्यस्तै, कुटपिट मुद्दाका प्रतिवादीलाई तीन महिना कैद र १० हजार रुपैयाँ जरिवाना तथा लागूऔषध मुद्दाका प्रतिवादीलाई दुई महिना कैद र १० हजार रुपैयाँ जरिवानाको फैसला भएको थियो ।

यसैगरी, घरेलु हिंसा मुद्दाका एक जना प्रतिवादीलाई १५ हजार रुपैयाँ र कुटपिट मुद्दाका अर्का प्रतिवादीलाई पाँच हजार रुपैयाँ जरिवानाको सजाय सुनाइएको थियो ।

अदालतको फैसला कार्यान्वयनका लागि पक्राउ परेका पाँचै जनालाई आवश्यक कानुनी कारबाहीका लागि धनुषा जिल्ला अदालतमा उपस्थित गराइएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता एवं प्रहरी नायव उपरीक्षक ओमप्रकाश खनालले जानकारी दिए ।

प्रहरीले अदालतबाट फैसला भई कैद तथा जरिवाना भुक्तान नगरी फरार रहेका प्रतिवादीहरूको खोजी तथा पक्राउ अभियानलाई निरन्तरता दिइरहेको जनाएको छ ।

खाद्य स्वच्छता र गुणस्तरमा ध्यान दिऔं

- खाद्य पदार्थ खरिद गर्नुअघि उत्पादन, उपभोग्य मिति र लेबल अनिवार्य रूपमा जाँच गरौं,
- म्याद नाघेका, सडेगलेका वा गुणस्तरहीन खाद्य पदार्थ उपभोग नगरौं,
- प्याकेजिङ च्यातिएको, फुलेको वा क्षतिग्रस्त अवस्थामा रहेको खाद्य पदार्थ खरिद/बिक्री नगरौं,
- शंकास्पद वा मिसावटयुक्त खाद्य पदार्थको प्रयोगबाट बचौं,
- मिठाई, मासु, दूधजन्य तथा छिट्टै बिग्रने खाद्य पदार्थको भण्डारणमा विशेष ध्यान दिऔं,
- स्वच्छ तथा सफा पानीको प्रयोग गरौं,
- गुणस्तरहीन वा म्याद नाघेका खाद्य पदार्थ बिक्री/वितरण भएको पाइएमा सम्बन्धित निकायलाई जानकारी गराऔं ।

मिथिला नगरपालिका, धनुषा

खबर दर्पण
राष्ट्रिय दैनिक

धितोमा राखेको जग्गा ऋणदाताले बिक्री गरेको आरोप

खबर दर्पण समाचारदाता
मंसीर १० गते, बर्दिवास

धनुषाको छिरेश्वरनाथ नगरपालिका-६, महेन्द्रनगरका सुरेन्द्रकुमार यादवले धितोमा राखेको जग्गा आफ्नो जानकारी र सहमतिबिना ऋणदाताले अन्य व्यक्तिलाई बिक्री गरेको आरोप लगाउँदै निष्पक्ष न्यायको माग गर्नुभएको छ। उहाँले एक करोड रुपियाँ ऋण लिँदा धितोमा राखिएको तीन करोड रुपियाँभन्दा बढी मूल्यको जग्गा जनकपुरधाम उपमहानगरपालिका-४ निवासी शिवशङ्कर साहले आफ्नो सहमतिबिना अन्य व्यक्तिलाई बिक्री गरेको आरोप लगाउनुभयो।

बिहीबार महेन्द्रनगरमा पत्रकार सम्मेलन गर्दै यादवले आफूले २०७४ सालमा जग्गा खरिद गर्ने प्रयोजनका लागि साहसँग एक करोड रुपियाँ लिएको बताउनुभयो। सुरुमा एउटा जग्गा पास गरेर रकम लिएको र त्यसपछि साहले लेनदेनसम्बन्धी मुद्दा दायर गरेको उहाँको भनाइ छ। मुद्दा मिलापत्र गर्ने क्रममा बाँकी रकमको सुरक्षाका लागि साहले अर्को जग्गासमेत माग गरेपछि आफूले महेन्द्रनगरस्थित राजमार्गसँग जोडिएको जग्गा धितोस्वरूप पास गरिदिएको यादवले जानकारी दिनुभयो।

यादवका अनुसार साँवा तथा ब्याज र अन्य रकमसमेत गरी करिब दुई करोड रुपियाँ भुक्तानी गरेपछि एउटा जग्गा फिर्ता भए पनि महेन्द्रनगरस्थित अर्को जग्गा भने फिर्ता भएको छैन। उक्त जग्गा आफ्नो जानकारीबिना अन्य व्यक्तिलाई बिक्री गरिएको उहाँले आरोप लगाउनुभयो।

उहाँले जग्गा फिर्ताका लागि पटकपटक आग्रह गर्दा पनि साहले विभिन्न बहाना बनाएर आलटाल गरेको बताउनुभयो। केही महिनाअघि छलफलका क्रममा जग्गा फिर्ता गर्न साह तयार भए पनि पछि फिर्ता नगर्ने बताउँदै आफूलाई धम्कीसमेत दिएको उहाँको आरोप छ।

आफूसँग कारोबारसम्बन्धी लिखित कागजात, हिसाबकिताब तथा अन्य प्रमाण सुरक्षित रहेको दाबी गर्दै उहाँले ती प्रमाणका आधारमा निष्पक्ष अनुसन्धान गर्न माग गर्नुभयो। आफूलाई धम्की दिने व्यक्तिहरूमाथि समेत आवश्यक अनुसन्धान गर्न उहाँले प्रहरी प्रशासनसँग आग्रह गर्नुभयो।



सुरेन्द्रकुमार यादव

यादवले यससम्बन्धमा जिल्ला प्रहरी कार्यालय धनुषामा जाहेरी दिएको बताउनुभयो। जाहेरीका आधारमा प्रहरीले साहलाई नियन्त्रणमा लिएको उहाँले जानकारी दिनुभयो। यस्तै लेनदेनका विषयमा जिल्ला अदालत धनुषामा साहका नाममा ३५ वटा मुद्दा दर्ता रहेको विवरणसमेत आफूले पाएको यादवले पत्रकार सम्मेलनमा बताउनुभयो।

उहाँले घटनाको निष्पक्ष र पारदर्शी अनुसन्धान गर्न माग गर्दै अनुसन्धान तथा न्यायिक प्रक्रियालाई प्रभावित पार्ने प्रयास हुन नदिन र कानुनबमोजिम कारबाही अघि बढाउन नेपाल सरकार तथा प्रहरी प्रशासनको माग गर्नुभयो।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता ओमप्रकाश खनालले जाहेरीका आधारमा प्रहरीले मङ्सिर ६ गते नै साहलाई पक्राउ गरेको बताउनुभयो। उहाँले जिल्ला अदालत धनुषाबाट म्याद थप गरी यससम्बन्धमा थप अनुसन्धान भइरहेको जानकारी दिनुभयो।

गुठी जग्गामा अनधिकृत संरचना निर्माण नगर्न गुठी संस्थानको चेतावनी



खबर दर्पण समाचारदाता
मंसीर १० गते, बर्दिवास

गुठी संस्थान शाखा कार्यालय जनकपुरधामले गुठी मातहतका जग्गामा अनधिकृत रूपमा संरचना निर्माण तथा अतिक्रमण नगर्न सर्वसाधारणलाई चेतावनी दिएको छ।

गुठी संस्थानको स्वामित्व तथा रेखदेखमा रहेका जग्गाहरू धार्मिक, सांस्कृतिक एवं सार्वजनिक महत्वका सम्पत्ति रहेको उल्लेख गर्दै कार्यालयले त्यस्ता जग्गामा पछिल्लो समय केही व्यक्ति तथा समूहबाट अनधिकृत रूपमा संरचना निर्माण र अतिक्रमण भइरहेको भन्दै गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

कार्यालयले बुधबार एक सूचना जारी गर्दै आफ्नो लिखित अनुमति र कानुनी प्रक्रिया पूरा नगरी गुठी जग्गामा कुनै पनि प्रकारको निर्माण कार्य नगर्न, जग्गा भोगचलन नगर्न तथा अतिक्रमणजन्य गतिविधि नगर्न/नगराउन आग्रह गरेको छ।

सूचनामा गुठी जग्गामा अनधिकृत गतिविधि गरेको पाइएमा प्रचलित गुठीसम्बन्धी कानुन तथा स्थानीय प्रशासन ऐनबमोजिम कडा कानुनी कारबाही गरिने चेतावनी दिइएको छ।

त्यसैगरी, अनधिकृत कार्यबाट गुठी सम्पत्तिमा क्षति पुगेमा त्यसबाट भएको हानिनोक्सानीसमेत सम्बन्धित व्यक्ति वा पक्षबाट असुलउपर गरिने गुठी संस्थानले स्पष्ट पारेको छ।

गुठी जग्गाको संरक्षण र अतिक्रमण नियन्त्रण गर्ने उद्देश्यले जारी गरिएको सूचनालाई बेवास्ता गरी गैरकानुनी गतिविधि नगर्न कार्यालयले सर्वसाधारणलाई सचेत गराएको छ।

बाल अधिकारको संरक्षण गरौं

- बालबालिकाको अधिकारको सम्मान गरौं,
- बालश्रम, बालविवाह, बालहिंसा तथा सबै प्रकारका शोषणको अन्त्य गरौं,
- बालबालिकालाई गुणस्तरीय शिक्षा, स्वास्थ्य र पोषण सुनिश्चित गरौं,
- बालमैत्री, सुरक्षित र भेदभावरहित वातावरण निर्माण गरौं,
- बालबालिकाको विचार र सहभागितालाई उचित सम्मान गरौं,
- बालबालिकालाई अनलाइन तथा साइबर जोखिमबाट सुरक्षित राखौं,
- परिवार, विद्यालय र समुदाय मिलेर बाल अधिकारको संरक्षणमा सक्रिय बनौं,

समुन्नत राष्ट्र निर्माणका लागि बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं।

सोनमा गाउँपालिका, महोत्तरी

लागुऔषध दुर्व्यसन नियन्त्रण गरौं

- लागुऔषधबाट हुने स्वास्थ्य, सामाजिक र पारिवारिक असरबारे सचेत बनौं,
- युवा तथा बालबालिकालाई सिर्जनात्मक कार्यमा सहभागी गराऔं,
- साथीको दबाब वा गलत संगतबाट जोगिन प्रेरित गरौं,
- लागुऔषध कारोबार र दुर्व्यसनविरुद्ध सचेतना बढाऔं,
- समस्यामा परेकालाई घृणा होइन, सहयोग र पुनर्स्थापनाको अवसर दिऔं,
- परिवार, विद्यालय र समुदायबीच सहकार्य बढाऔं,
- लागुऔषध प्रयोग नगरौं/नगराऔं।

लागुऔषध मुक्त, सुरक्षित र जिम्मेवार समाज निर्माणमा योगदान गरौं

औरही नगरपालिका, महोत्तरी

☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

जनकपुर

धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि.	५२५८००
जनपा वारुण यन्त्र	५२००११
एम्बुलेन्स (सरोज फाउण्डेशन)	५२२८०६
एम्बुलेन्स (मारवाडी सेवा समिति)	–५२२७६२, ५२१७८४
एम्बुलेन्स (जानकी मेडिकल कलेज)	–५२६०९०, ५२६०९१
महाविर युवा कमिटी ऐंबुलेंस्	२५९८०
कृष्णा नर्सिंग होम	५२१९१८
जनकपुर मेडिकल सेन्टर	५२०७१४
जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर	५२३३२८
जनकपुर रेल्वे	५२०२११
आँखा अस्पताल	५२०३९७
जनकपुर सुरक्षा गुल्म	५२०१८६/५२६५८६
प्रहरी	५२००९९
एम्बुलेन्स रेडक्रस	१०२
जनकपुर अञ्चल अस्पताल	५२००३३
बछ्यार प्रसुति सेवा केन्द्र	५२२४५७
विद्युत फ्युज शाखा	५२०१५१
बुद्ध एयर	५२५०२२
गोर्खा एयर	५२१२९४
सीता एयर	५२५९९०
जानकी केबल टिभी नेटवर्क	५२३७२८

वर्दिवास

बर्दिवास अस्पताल	५५००९०
ट्राफीक प्रहरी	५५००५५
छिन्नमस्ता सशस्त्र प्रहरी गण	५५०४०४
जिल्ला खानेपानि (गौरी डाडाँ)	५५०००५
ढल्केवर (नो लाईट)	०४१-५६००६८
सुरक्षा क्याम (रेडियो नेपाल)	५५००२३
बर्दिवास नगरपालिका	५५००३१
खानेपानि कार्यालय	५५०११०
प्रहरी	५२०१९९
प्रहरी	५२००९९
बर्दिवास दुरसञ्चार	५५००००
पारिजात स्मृति अस्पताल	५५०३७२
नेपाल परिवार नियोजन संघ	५५०१०७
इलाका प्रहरी कार्यलय वर्दिवास	५५०००६
खानेपानी बर्दिवास	५५०१४३
रेडक्रस एम्बुलेन्स	५२०१००
मेरी स्टोप्स सेन्टर	५५०१२६
शुभ स्वस्तिक हस्पिटल	५५०२५५
जनसेवा हस्पिटल	५५०४०६
बर्दिवास आँखा अस्पताल	५५०४७७
इलाका प्रशासन कार्यालय वर्दिवास	५५०६६८
IRDS समाज सहकारी अस्पताल	५५०४०१

ढल्केवर

खानेपानी	९८२४८०५९५०
इलाका प्रहरी कार्यालय	०४१-५६०१००
प्रहरी	५२००९९
विद्युत फ्युज शाखा	०४१-५६०१६८
एम्बुलेन्स	९८०४८६७५५४
एम्बुलेन्स	९८१५८३२०३२
ओम शान्ति पोलिक्लिनिक	०४१-५६०१५२

जलेश्वर

अस्पताल	५२००७०
प्रहरी	५२०००९
अस्थायी प्रहरी चौकी भीठामोड	५२०२०९
एम्बुलेन्स	५२०१००
विद्युत्	५२००६६
विद्युत्	५२०११६

महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०
एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६
इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

खबर दर्पण
राष्ट्रिय दैनिक

फागुन १४ देखि जनकपुरधाममा आठौँ 'जनकपुर साहित्य महोत्सव' आयोजना हुने

खबर दर्पण समाचारदाता

मंसीर १० गते, बर्दिवास

मिथिलाको भाषा, साहित्य, कला, संस्कृति र संस्कारको प्रवर्द्धन गर्ने उद्देश्यले जनकपुर साहित्य महोत्सवको आठौँ संस्करण आगामी फागुन १४, १५ र १६ गते जनकपुरधाममा आयोजना हुने भएको छ ।

नव मिथिला फाउन्डेशनको आयोजनामा हुने महोत्सव जनकपुरधामस्थित राम मन्दिर पार्कमा तीन दिनसम्म सञ्चालन हुनेछ ।

महोत्सवले मिथिलाको मौलिक पहिचान, सांस्कृतिक सम्पदा तथा साहित्यिक चेतनालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा परिचित गराउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ ।

नव मिथिला फाउन्डेशनका अध्यक्ष अमित साहले जनकपुर साहित्य महोत्सव साहित्यिक कार्यक्रम मात्र नभई मिथिलाको धरातल, संस्कृति र संस्कारलाई उत्सवका रूपमा प्रस्तुत गर्ने साझा मञ्च भएको बताए ।

उनका अनुसार भाषा, साहित्य र संस्कृतिको संरक्षण तथा नयाँ पुस्तामा हस्तान्तरण गर्नु महोत्सवको मुख्य उद्देश्य हो । साहित्यकार, कलाकार, संस्कृतिकर्मी, बुद्धिजीवी तथा युवाहरूलाई एउटै मञ्चमा जोड्दै विचार, सिर्जना र विमर्शको वातावरण निर्माण गर्न महोत्सवले योगदान पुर्याउँदै आएको उनको भनाइ छ ।

मिथिलाको समृद्ध सांस्कृतिक परम्परा र समकालीन सिर्जनाबीच संवाद स्थापित गर्दै जनकपुर धामलाई साहित्यिक तथा सांस्कृतिक गन्तव्यका रूपमा



स्थापित गर्ने लक्ष्यसमेत महोत्सवले राखेको छ ।

आयोजकले साहित्य, कला, संस्कृति र सामाजिक क्षेत्रसँग आबद्ध व्यक्तित्वसहित आम सर्वसाधारणलाई महोत्सवमा सहभागी हुन हार्दिक निमन्त्रणा गरेको छ ।

बाल तथा किशोर पुस्तालाई साहित्यसँग जोड्न जनकपुरधाममा परिचर्चा

खबर दर्पण समाचारदाता

मंसीर १० गते, बर्दिवास



मैथिली बाल तथा किशोर साहित्यको विकास, प्रवर्द्धन र वर्तमान अवस्थाबारे विमर्श गर्ने उद्देश्यले जनकपुरधाममा साहित्यिक परिचर्चा तथा प्रस्तुति कार्यक्रम आयोजना हुने भएको छ ।

नेपाल प्रज्ञा प्रतिष्ठान काठमाडौंको आयोजना तथा मैथिली विकास कोष जनकपुरधामको सहकार्यमा मंसिर ११ गते शुक्रबार उक्त कार्यक्रम हुन लागेको हो ।

जनकपुरधामस्थित मैथिली भवन ज्ञानकूपमा दिउँसो १ बजेदेखि सुरु हुने कार्यक्रममा मैथिली बाल तथा किशोर साहित्यको अवस्था, सिर्जना र विकासका सम्भावनाबारे छलफल गरिनेछ ।

कार्यक्रममा कविता वाचन, कार्यपत्र प्रस्तुति तथा विभिन्न साहित्यकार र विज्ञबाट टिप्पणी प्रस्तुत गरिने आयोजकले जनाएको छ ।

कार्यक्रममा डा. भोगेन्द्र झाको प्रमुख आतिथ्य रहनेछ । नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति कुमार नगरकोटी तथा सदस्य सचिव रोशन शेरचनको विशेष उपस्थिति रहने आयोजकले जनाएको छ ।

मैथिली भाषा तथा साहित्यको संरक्षण र प्रवर्द्धनसँगै नयाँ पुस्तामा पठन तथा सिर्जनात्मक संस्कृतिको विकास गर्ने उद्देश्यले कार्यक्रम आयोजना गर्न लागिएको हो ।

आयोजकले मैथिली भाषा, साहित्य र संस्कृतिप्रति चासो राख्ने साहित्यकार, लेखक, बुद्धिजीवी तथा सर्वसाधारणलाई कार्यक्रममा उपस्थितिका लागि आग्रह गरेको छ ।

विषाक्त च्याउ नखाऔं: सुरक्षित बनौं

- जंगली च्याउ खानुअघि यसको पहिचान र सुरक्षाबारे सुनिश्चित गरौं,
- अपरिचित च्याउ टिप्ने र खानेबानी त्यागौं,
- विषालु च्याउको प्रयोगबाट हुने स्वास्थ्य जोखिमबारे सचेत बनौं,
- च्याउ खाएपछि असहज लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- स्थानीय स्तरमा च्याउ विषाक्तता सम्बन्धी जनचेतना फैलाऔं,
- सुरक्षित र पहिचान भएको खाद्य पदार्थ मात्र सेवन गरौं।

बिषाल च्याउ खाँदा स्वास्थ्यमा ठूलो जोखिम हुन सक्छः सावधानी अपनाऔं

जलेश्वर नगरपालिका, महोत्तरी

सूचनाको हकः नागरिकको मौलिक अधिकार

- सार्वजनिक सरोकारका सूचना प्राप्त गर्नु नागरिकको अधिकार हो,
- सार्वजनिक सरोकारका सूचना उपलब्ध गराउनु राज्यको दायित्व हो,
- सही, तथ्यपरक र आधिकारिक सूचना आदान–प्रदान गरौं,
- सार्वजनिक निकायमा कानुनबमोजिम सूचना अधिकारी तोक्ने गरौं,
- डिजिटल प्रविधिको प्रयोग गरी सूचनामा नागरिकको पहुँच विस्तार गरौं,
- प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुन्छ, तर कानुन बमोजिम गोप्य राखु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पार्न मिल्दैन।

मनरा सिस्वा नगरपालिका, महोत्तरी

इलेक्ट्रिक चुरोट (भेप) को प्रयोग नगरौं

- इलेक्ट्रिक चुरोट सुरक्षित विकल्प हो भन्ने भ्रमबाट बचौं,
- निकोटिनयुक्त पदार्थले स्वास्थ्यमा पार्ने असरबारे सचेत बनौं,
- बालबालिका तथा युवालाई इलेक्ट्रिक चुरोटको आकर्षणबाट जोगाऔं,
- धूम्रपान तथा निकोटिनजन्य पदार्थको प्रयोगबाट टाढा रहौं,
- इलेक्ट्रिक चुरोटको प्रयोग र लतबाट बचौं,
- परिवार र समाजमा धूम्रपानमुक्त वातावरण निर्माण गरौं।

स्वस्थ जीवनशैली र सकारात्मक बानीको विकास गरौं

सम्सी गाउँपालिका, महोत्तरी

लामखुट्टेबाट सर्ने रोगबाट बचौं

- लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी, कालाजार, जापानीज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ।

त्यसैले, लामखुट्टेको टोकाईबाट बच्नः

- घर वरिपरि पानी जम्न नदिऔं,
- घर तथा गोठ वरिपरि सफा सुग्घर राखौं,
- गोठ तथा खोर घरभन्दा टाढा बनाऔं,
- शरिर ढाक्ने कपडा लगाऔं,
- सुत्दा झुल टाँगेर मात्र सुतौं,
- झ्याल तथा ढोकामा लामखुट्टे पस्न नदिन जाली लगाऔं।

लामखुट्टेको टोकाईबाट बचौं र बचाऔं

महोत्तरी गाउँपालिका, महोत्तरी

बाढी/पहिरोबाट सचेत होऔं

बाढी/पहिरो आउनुअघिः

- स्थानीय रेडियो वा अन्य माध्यमबाट मौसमको जानकारी लिऔं,
- खोला, नदी तथा जोखिमपूर्ण ठाउँबाट सुरक्षित स्थानमा जाऔं,
- घरको नजिक पहिरो खस्न सक्ने ठाउँ भए सावधानी अपनाऔं,
- आपतकालीन झोला (प्राथमिक उपचार सामग्री, टर्चलाइट, खानेकुरा, लुगालगायत) तयार राखौं,
- जोखिममा परेका बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षामा प्राथमिकता दिऔं।

बाढी/पहिरो आएमाः

- अनावश्यक हिंडडुल नगरौं,
- सुरक्षित स्थानतर्फ जाऔं,
- बिजुलीका तार तथा खम्बाबाट टाढा रहौं,
- खोलानाला सुरक्षित तवरले तरौं,
- अफवाह नफैलाऔं, सत्य सूचनामात्र आदान–प्रदान गरौं,
- घाइते वा फसेका व्यक्तिको उद्धारमा सहयोग गरौं

पिपरा गाउँपालिका, महोत्तरी

सर्पको टोकाइबाट बचौं र बचाऔं

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं।

रामगोपालपुर नगरपालिका, महोत्तरी

स्वतन्त्र प्रेस लोकतन्त्रको आधार स्तम्भ होः सांसद सिंह

खबर दर्पण समाचारदाता

मंसीर १० गते, बर्दिवास

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद डा. अमरेशकुमार सिंहले स्वतन्त्र पत्रकारिताबिना लोकतन्त्र सुदृढ हुन नसक्ने बताएका छन् ।

मेची-महाकाली पदयात्राका क्रममा जनकपुरधाम पुगेका सांसद सिंहले सञ्चारगृहबाटै पत्रकारहरूलाई पक्राउ गर्ने सरकारको कदमको विरोध गर्दै स्वतन्त्र प्रेसको पक्षमा आफ्नो धारणा व्यक्त गरेका हुन् ।

सञ्चारकर्मीहरूसँगको कुराकानीमा उनले प्रेस स्वतन्त्रता लोकतन्त्रको महत्वपूर्ण आधार स्तम्भ भएको उल्लेख गर्दै पत्रकारितामाथि हुने कुनै पनि



प्रकारको हस्तक्षेप स्वीकार्य नहुने बताए ।

उनले आफू लोकतन्त्र, मानव अधिकार, कानुनी शासन र स्वतन्त्र पत्रकारिताको पक्षमा प्रतिबद्ध रहेको स्पष्ट पारे । स्वतन्त्र प्रेसबिना लोकतन्त्र बलियो र प्रभावकारी हुन नसक्ने उनको भनाइ थियो ।

यसैगरी, सांसद सिंहले आफ्नो मेची-महाकाली पदयात्रा देशमा कुनै पनि प्रकारको द्वन्द्व नहोस् भन्ने उद्देश्यले अघि बढाइएको बताए ।

उनले किसानले धानको उचित मूल्य पाउन नसकेको तथा तरकारी उत्पादक किसानले समेत उत्पादनको उचित मूल्य नपाएको विषयलाई पनि पदयात्राका क्रममा उठाउँदै आएको जानकारी दिए ।

महोत्तरीबाट कार्यालय सारिएको विरुद्धमा सरोकारवालाको विरोध

संजित मण्डल

मंसीर १० गते, महोत्तरी

महोत्तरी जिल्लाबाट केहि कार्यालयहरु अन्य जिल्लामा सारेको विरुद्धमा महोत्तरीका सरोकारवालाहरुले विरोध जनाएका छन् ।

मधेश प्रदेश सरकारको नेपाली काँग्रेसको नेतृत्वमा रहेका सरकारको मन्त्रीपरिषदको निर्णयले महोत्तरीको सदरमुकाम जलेश्वरमा रहेको भूमिगत जलस्रोत विकास केन्द्रलाई गोप्य रुपमा सर्लाही जिल्लामा सारिएको खबर बाहिरिए पछि महोत्तरीका सरोकारवालाहरुले विरोध जनाएका छन् ।

त्यसैगरी मधेश प्रदेश सरकारले महोत्तरीको जलेश्वरमा वर्षौदेखि अवस्थित खानेपानी तथा सरसफाई डिभिजन कार्यालयलाई पूर्ण रुपमा र भूमिगत जलस्रो विकास केन्द्र अन्तर्गत हुँदै आएको ४ ईन्ची र ६ ईन्ची सम्मको बोरिङ्ग जडान कार्यक्रम समेतलाई ती कार्यालयहरुबाट खारेज गर्दै पूरानो सिंचाई डिभिजन कार्यालयमा मर्ज गरेको निर्णयमाथि पनि सरोकारवालाले विरोध जनाएका छन् ।

वर्षौदेखि छुट्टै अस्तित्वमा रहेका खानेपानी तथा सरसफाई डिभिजन कार्यालयलाई पूर्ण रुपमा र भूमिगत जलस्रो विकास केन्द्र अन्तर्गत हुँदै आएको ४ ईन्ची र ६ ईन्ची सम्मको बोरिङ्ग जडान कार्यक्रमलाई अबदेखि सिंचाई डिभिजन कार्यालयलाई नयाँ नाम उर्जा सिंचाई तथा खानेपानी डिभिजन कार्यालय जलेश्वर, महोत्तरी कायम गर्दै सोही कार्यालयमा गाभिएको छ ।

मधेश प्रदेश सरकारले यी तीनवटै कार्यालयको संरचना हेरफेर गरेको र कार्यालय समेत महोत्तरीबाट सर्लाही सारेकोप्रति यहाँका राजनीतिक दल, महोत्तरी निर्वाचन क्षेत्र ३ (क) का प्रदेश सभा सदस्य अभिराम शर्मा, जलेश्वर नगरपालिकाका पूर्व मेयर रामशंकर मिश्र र अन्य सरोकारवालाले ती कार्यालयहरु यथास्थितिमै रहनुपर्ने माँग अघि सार्दै विरोध जनाएका छन् ।

यहाँका राजनीतिक दल तथा अन्य सरोकारवालाले यस जिल्लामा वर्षौदेखि भौतिक संरचना सहित सञ्चालमा रहेका कार्यालयहरु यथास्थितिमै राख्नुपर्ने तथा कुनैपनि हालतमा यहाँबाट कार्यालय सार्न नपाउने माँग सहित मधेश प्रदेशको वर्तमान सरकार समक्ष सामूहिक रुपमा डेलिगेशन जाने तयारी गरेका छन् ।

स्वच्छ शहरः स्वस्थ्य शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट-बिरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

शहरलाई सफा राखौः सुन्दर बनाऔं।

एकडारा गाउँपालिका, महोत्तरी

सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार

गौशाला नगरपालिका, महोत्तरी

कृषि उत्पादनमा आत्मनिर्भर बनौं

- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
- कृषकलाई आवश्यक मल, बीउ समयमै उपलब्ध गराऔं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन बजार संयन्त्रको विकास गरौं,
- कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलब्ध गराऔं,
- जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
- कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
- नवीन प्रविधि र अवसर उपलब्ध गराई युवाहरूलाई कृषिमा आकर्षित गरौं।

कृषि पेशा प्रति सम्मान र गौरव गरौं।

भंगहा नगरपालिका, महोत्तरी

जनावरबाट सर्ने रोगविरुद्ध सावधानी अपनाऔं

- जनावरसँगको सम्पर्कमा सावधानी अपनाऔं,
- जनावर छोएपछि साबुनपानीले हात सफा गर्ने बानी बसालौं,
- पशुपन्छीको स्वास्थ्यमा नियमित ध्यान दिऔं,
- अस्वस्थ वा मरेका जनावरको सम्पर्कबाट टाढा रहौं,
- पशुजन्य खाद्य पदार्थ राम्ररी पकाएर मात्र खाने गरौं,
- पशुबाट मानिसमा सर्न सक्ने रोगबारे सचेत बनौं,
- जनावरमा असामान्य लक्षण देखिएमा सम्बन्धित निकायलाई जानकारी गराऔं।

जनावरको स्वास्थ्य, मानव स्वास्थ्यसँग जोडिएकोले सावधानी अपनाऔं

बर्दिवास नगरपालिका, महोत्तरी

बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।

सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं

लोहापट्टी नगरपालिका, महोत्तरी

सचेत उपभोक्ता बनौं

सामान खरिद गर्दा देहायका बिषय एकिन गरौः

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

सामान खरिद गर्दा सकेसम्म बैंकिङ माध्यमबाट भुक्तानी गरौं

भुक्तानी गरेको मूल्य बराबरको बिल लिऔं

बलवा नगरपालिका, महोत्तरी

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२५८५)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२५०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,